नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(..............अनुमतिपत्र महाशाखा..............)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५११९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०७८/०७९
चलनी नं.:- ५९२

मितिः २०७८/१०/२३

**विषय:-** युटिलिटी स्केल ग्रिड टाइड सोलार PV प्रोजेक्ट,महोत्तरी(८० मे.वा.), को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र दरखास्त सम्बन्धमा ।

श्री मिथिला इनर्जी प्रा.लि ,
बिजुलीबजार , का.म.पा. वा.नं. १०, नेपाल
९८५१११९४०५, kr.ranabhat77@gmail.com

प्रस्तुत विषयमा तहाँबाट पेश भएको युटिलिटी स्केल ग्रिड टाइड सोलार PV प्रोजेक्ट को "विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र"को दरखास्त उपर कारवाही हुँदा "विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका,२०७५" को दफा (७),(८)र (९) अनुसार तथा "ग्रिड कनेक्टेड वैकल्पिक विद्युत विकास सम्बन्धि कार्यविधि ,२०७८" बमोजिम तपसिल अनुसारका विवरणहरु नपुग देखिएकोले ऐ. निर्देशिकाको दफा १०(४) बमोजिम (दोस्रो पटक विवरण माग)सो विवरणहरु ७(सात) दिनको समयावधि भित्र पेश गर्नहुन विभागको मिति २०७८/१०/२० को निर्णयानुसार जानकारी गराइन्छ |

तपसिल:

१. आयोजनाको लागि आवश्यक भन्दा धेरै क्षेत्र माग गरी दरखास्त पेश गरेको देखिएकोले प्रस्ताव गरिएका आयोजनाका क्षेत्र अन्य आयोजना सँग दोहोरो नपर्ने गरी आवश्यक क्षेत्र मात्र प्रस्ताव गर्नु हुन ।
२. संचालक समितिको निर्णयबाट तोकिएको आधिकारिक व्यक्ति सम्बन्धि विवरण तथा औपचारिक पत्राचार गर्ने ठेगाना एवम सम्पर्क नम्बर,इमेल आदि ।
३. प्रवर्द्धक कम्पनीले एक भन्दा बढी आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिएकोमा त्यस्तो थप आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक क्षमता पुग्ने नेटवर्थ प्रमाण(पहिलाको आयोजना तथा पेश भएको आयोजना समेत लाई पुग्ने नेटवर्थ प्रमाण) ।
४. Net Worth प्रमाणित गर्ने CA को संस्था नवीकरण प्रमाणको प्रमाणित प्रति।
५. परामर्शदात्री संस्थाबाट प्रमाणित डेस्क स्टडी प्रतिवेदन (Installed Capacity अनुसार ) ।
    - अध्ययन सम्पन्न गर्ने र शुरुको एक बर्षमा गर्ने अध्ययनको कार्य तालिका (Work Schedule) ।
    - परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित लागत (Cost Breakdown) र कुल अवधि ।
    - आयोजना विकास गर्ने विषयमा प्राविधिक विश्लेषण सहितको प्रस्ताव (परियोजनाको कूल जडान क्षमता र वार्षिक उत्पादनको अनुमान सहित)।
६. अयोजनाको सम्भाव्यता अध्ययन गर्ने विषयमा परामर्शदात्री सम्झौता(Work Description, Deliverables, Consulting costआदि खुलेको)।
७. Soft Copy Of Desk Study Report in Editable Format.
८. प्रस्तावित आयोजना सिंचाई योग्य जमिन भित्र नपर्ने भनी जलस्रोत तथा सिंचाई विभाग वा प्रदेश सरकार अन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालयको सिफारिस पत्र (आयोजना क्षेत्रको Coordinate खुलेको)।
९. प्रस्तावित आयोजना निकुन्ज तथा आरक्षण क्षेत्र भित्र नपर्ने भनी वन तथा वातावरण मन्त्रालयको सिफारिस पत्र (आयोजना क्षेत्रको Coordinate खुलेको) ।

इञ्जीनियर
(प्रदिप कुमार राउत)